# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७६।०६।०७ गते

# प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको ।

अस्थायी ट्राफिक प्रहरी पोष्ट नेपालथोक दुम्जा सिन्धुलीमा कार्यरत प्रहरी सहायक निरीक्षक श्याम बहादुर माझीले काठमाडौंबाट सिन्धुली हुँदै बाहिरिने सवारी साधनलाई ७:०० बजे भन्दा पछि केही समय ढिला भएमा सिन्धुलीतर्फ जान दिने भनी सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग टङ्गालबाट खटिई गएको टोलीले निज प्रहरी सहायक निरीक्षक श्याम बहादुर माझीलाई सेवाग्राहीबाट रू.१०,०००/- (दस हजार) घुस/रिसवत वापतको रकम लिएको थियो ।

अनुसन्धानको क्रममा निज प्रहरी सहायक निरीक्षक श्याम बहादुर माझीले पाँचवटा गाडीहरूलाई प्रतिगाडी रू.२,०००।—का दरले हुन आउने रू.१०,०००।—(दस हजार) महिनावारी मिलाई ७:०० बजेपछि बी.पी राजमार्ग हुँदै सिन्धुलीतर्फ बिनारोकतोक पठाउने कार्यमा सहजीकरण गरिदिन्छु भनी विभिन्न बहाना बनाई रू.१०,०००।- (दस हजार) माग गरी घुस /रिसवत लिएको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुर भएको सप्रमाण पुष्टि हुन आएको हुँदा निज श्याम बहादुर माझीलाई विगो रू.१०,०००।—(दस हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम जरिवाना र कैद सजायको मागदावी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

**(प्रदीपकुमार कोइराला)**

**प्रवक्ता**